# स्थानीय राजपत्र

खाँडादेवी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ३) माकादुम, रामेछाप, माघ १० गते, २०७६ साल (संख्या २४

## भाग २

## खाँडादेवी गाउँपालिका

खाँडादेवी गाउँपालिकाको गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**<u>जनतासँग अध्यक्ष कार्यक्रम संचालन गर्ने कार्यविधि,२०७६</u>**

खाँडादेवी गाउँपालिका

**प्रस्तावना**

खाँडादेवी गाउँपालिका क्षेत्र भित्र स्थानिय श्रोत साधनलाई प्रयोग गरी वातावरणिय र पर्यावरणिय सन्तुलन समेतलाई कायम गरी स्वच्छ र पारदर्शी तवरले विकास मात्र होईन तिव्र विकास मात्र नभएर दिगो विकासको अवधारणा लागु गरी सम्पुर्ण नागरिकलाई विकासको मुलधारमा सहभागी गराई विकासको प्रतिफलमा समान पहुँच स्थापना गर्ने उद्धेश्यले स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२)ले दिएको अधिकार प्रयोग गरी यो कार्यबिधीको तर्जुमा गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

क) यस कार्यबिधिको नाम:- जनता संग अध्यक्ष कार्यक्रमका कार्य संचालन कार्यबिधि, २०७६ रहेको छ ।

ख) यो कार्यबिधि तत्काल लागु हुनेछ ।

**२. परिभाषा**: बिषय वा प्रसंगले अको अर्थ नलागेमा यस कार्यबिधिमा

क) "**अध्यक्ष भन्नाल**" खाँडादेबी गाउँपालिकाको अध्यक्ष लाई सम्झनु पर्दछ ।

ख)"**उपभोक्ता समिति भन्नाले**" स्थानिय तहहरुमा संचालन हुने कार्यक्रम कार्यान्वयन र ब्यबस्थापन गर्नका लागी कार्यक्रम बाट प्रत्यक्ष लाभान्वीत हुने स्थानिय ब्यक्ति हरुबाट प्रचलित कानुन बमोजिम गठित उपभोक्ता समितिलाई सम्झनु पर्दछ ।

ग) "**कार्यक्रम भन्नाले** "

यस कार्यबिधि अनुसार संचालन हुने बिकास योजना भन्ने सम्झनु पर्दछ ।

घ) "**कार्यक्षेत्र भन्नाले**" खाडादेबी गा.पा. १ देखि ९ नं वडा भन्ने सम्झनु पर्दछ।

ङ) "**कार्यालय भन्नाल**" खाडादेबी गाउपालीकाको कार्यालयलाई सम्झनु पर्दछ।

खाँडादेवी गाउँपालिका

**३) कार्यक्रम संचालन हुने क्षेत्रः**

**क)पुर्वाधार विकास**

- खानेपानी
- सिंचाई
- सडक
- सामुदायिक भवन
- सूचना प्रविधि

**ख) सामाजिक विकास तर्फ**

- बिधालय
- स्वास्थ्य चौकी

**ग) आर्थिक विकास**

- कृषि तथा पशुपालन

**घ) क्षमता विकास**

- महिला शसक्तिकरण
- युवा परिचालन
- सामाजिक बन्चीतीकरण परेका हरुको उत्थान

**ङ)घरेलु उद्यम**

- स्थानिय श्रोत साधनमा आधारित लघुउद्यम(डोका डाला,दुना टपरि र मुढा
- ढाका बुनाई
- आरण सुधार
- सिलाई बुनाई
- मोटर साईकल मर्मत

खाँडादेवी गाउँपालिका

- ब्युटिसियन
- हेयर कटिङ

**च) पर्यटन बिकास**

- पार्क निर्माण
- धार्मिक स्थल
- होटल
- होमस्टे

**छ)साँस्कृतिक बिकास**

- खेलकुद
- सांस्कृतिक कार्यक्रम
- जाति भाषा संस्कृतिको संरक्षण

**ज)सामाजिक सुरक्षा**

- जेष्ठ नागरिक
- महिला दलित, अशक्त र अपांगता भएका ब्यक्ति
- अपराध पिडित  र हिंसा पिडीत समुदाय तथा ब्यक्ति

**४)कार्यक्रम छनौट प्रक्रिया**

आ.ब.को सुरुवात देखि जेष्ठ महिना सम्म अध्यक्ष स्वंयले कार्यक्षेत्र भित्र स्थलगत निरेक्षण गर्दा स्थानिय समुदायको माग र आबश्यकताको आधारित योजनाको पहिचान  र प्रथमिकताको आधारमा सामाजिक न्याय तथा सुशासन प्रर्बद्धन हुने गरी माथी बुदा नं ३ को क्षेत्र भित्रका योजना हरु छनौट गरी रु. १००००००। -अक्षेरुपी दशलाख सम्म बजेट विनियोजन गर्न सक्ने छ ।

## ५) कार्यक्रम संचालन प्रक्रिया

क) पुर्बाधार बिकास तथा सामाजिक बिकास तर्फका योजना हरुमा लाभान्बीत बर्गहरु मध्य बाट उपभोक्ता समिति गठन गरी सो समिति मार्फत योजना संचालन गरिने छ । समितिले गाउपालीकाको कार्यालयमा आई तोकिएको ढाँचामा सम्झौता गरी कार्याआदेश लिनुपर्ने छ ।

ख) पुर्वाधार र सामाजिक विकास बाहेकका बिकास योजना हरु - ब्यक्ति,समुह,स्थानिय संघ संस्था, सामुदायिक संस्था, सामुदायिक बन,आमा समुह,महिला संजाल,युवा संजाल,अशक्त,अपांगता भएका ब्यक्ति,दिर्घ रोगी हरुलाई सिधै कार्यक्रम संचालन गर्न सकिने छ ।

## ६) भुक्तानी प्रक्रिया

क)बुदा नं ५(क) मा उल्लेखित योजनाहरुमा नियम अनुसार सम्झौता गरी कार्यथालनी गरेपछि संचालन बिल तथा प्राबिधिक मुल्यांकनको आधारमा भुक्तानी दिईने छ । साथै पेश्की रकम प्रदान गरिने छैन । योजना सम्पन्न भएको प्राबिधिक मुल्यांकन र अनुगमन समितिको प्रतिबेदनको आधारमा अन्तीम भुक्तानी दिईने छ ।

ख)पुर्वाधार र सामाजिक बिकास बाहेकको अन्य योजना हरुको सम्बन्धमा अध्यक्ष स्वंयले अनुगमन तथा मुल्यांकन गरी कार्यप्रगतिको आधारमा भुक्तानी दिईने छ ।

## ७) अनुगमन तथा मुल्यांकन

क) यस कार्यक्रम अन्तरगत पुर्बाधार बिकास र आर्थिक बिकास संग सम्बन्धीत योजनाहरुको उपाध्यक्षको संयोजकत्वमा सम्बन्धीत वडाको वडा अध्यक्ष वा सदस्य रहेको एक अनुगमन तथा मुल्यांकन समिति गठन गरिने छ ।

ख)सो समितिले संचालित योजनाहरुको अनुगमन गरी प्रतिबेदन अध्यक्षलाई बुझाउनु पर्नेछ ।

खाँडादेवी गाउँपालिका

## ८) कार्यविधि संसोधन

यो कार्यबिधि आबश्यकताको आधारमा गाउ कार्यपाली बैठक बाट संसोधन गर्न सकिने छ ।

## ९) बचाउ वा खारेजी

यो कार्यबिधिमा ब्यबस्था भएको कुराहरुको हकमा यहि बमोजिम हुनेछ । कार्यबिधिमा उल्लेखित प्राबधान हरु प्रचलित ऐन संग बाझिएमा स्वत खारेज हुनेछ । यस्मा उल्लेख भएको कुराहरु स्थानिय सरकार संचालन ऐन, २०७४ अनुसार हुनेछ ।

**कार्यपालिकाबाट स्वीकृत मितिः २०७६।०९।२६**
**प्रमाणीकरण मितिः २०७६।१०।१०**

**आज्ञाले,**
**महाप्रसाद दंगाल**
**प्रमुख प्रशासकीय अधिकृत**

खाँडादेवी गाउँपालिका



मूल्य रू.५।-